# कोरोना भाईरस रोकथामका लागि मालिकार्जुन गाउँपालिकावाट भए गरेका प्रयासहरु ।

१. मिति २०७६।१२।०८ गते मालिकार्जुन गाउँकार्यपालिकाको बैठकवाट ७ सदस्यसीय गाउँपालिका स्तरीय समन्वय समिति गठन गरि आठ वटै वडाहरुमा वडा स्तरीय समन्वय समिति गठन गरिएको र वडा समितिहरु पनि सक्रिय भई लागेका छन् ।

२. गा . पा . का विभिन्न ५ ठाउँमा Help Desk स्थापना गरिएको ।

३. तत्कालका लागी स्वास्थ्य कर्मी,सुरक्षा कर्मी ,वडा कार्यालयहरु र क्षेत्रहरुमा २००० थान मास्क वितरण गरिएको ।

४. विभिन्न एफ. एम. र संचार माध्यमहरुवाट नागरीक सचेतना सम्बन्धी प्रचार प्रसार तथा जनहितमा जारी सन्देशहरु प्रचार प्रसार भई रहेको ।

५. सवै वडाहरुमा कोरोना भाईरस सम्बन्धी नागरीक सचेतना सम्बन्धी होडिङ वोर्ड,पोस्टर,पम्पलेट,फ्लेक्स आदि राखिएको ।

६. सवै वडाहरुलाई मौजात खाद्यान्नको परिमाणको बारेमा जानकारी लिने र Lock Down को कारण खाद्यान्न आवशयक भएमा स्थानीय प्रशासनको समन्वयमा आपुर्ति गर्ने गरेको ।

७. सवै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा हात धुने सामग्रीहरु( सावुन , हेन्डवास, बाल्टिन , जग आदी ) उपलब्ध गराइएको ।

८. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई अविलम्व परिचालन गरि विदेशवाट आएकाहरुको प्रत्येक दिन लगत संकलन गराई प्रदेश,केन्द्र र स्थानीय प्रशासनलाई रिपोटिङ गर्दै आएको ।

९. शंकरपुर क्याम्पस पस्तीमा ६ बेड र गरडा मा वि वाँकुमा ५ वेडको क्वारेनटाइन स्थापना गरिएको ।

१०.मालिकार्जुन गाउँपालिका भरिका दैनिक ज्यालादारीमा काम गरेर खाने व्यक्तिहरुको विवरण संकलन गरिएको र कार्यविधि अनुसार राहत उपलब्ध गराइने।

११.मालिकार्जुन गाउँपालिकाका अध्यक्षको नेतृत्वमा गा पा का कर्मचारी,स्वास्थ्य कर्मी सहितको टोलि आठ वटै वडाहरुमा गई सचेतना मुलक कार्यक्रम गरिएको ।

१२. गा. पा. मा गठन भएको समन्वय समितिको सचिवालय २४ सै घन्टा संङ्घीय सरकार,प्रदेश सरकार,स्थानीय प्रशासन लगायतका निकायहरु संग सम्पर्कमा रहेको ।

मिति २०७६।१२।२४ गतेका दिन कोरोना भाइरसका कारण शिर्जित महामारी रोकथामको विषयमा छलफल गर्न मालिकार्जुन गाउँपालिका कार्यपालिकाको बसेको आक्समिक बैठकले देहायका निर्णयहरु गरेको छ ।

१. “असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असाहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धी मापडण्ड २०७६” पारित गरियो ।
२. "कोरोना भाइरस रोकथाम र नियन्त्रणको व्यवस्थापन गर्न मापडण्ड २०७६" पारित गरियो ।
३. मालिकार्जुन गाउँपालिकामा कोरोना भाइरस रोकथाम र यस बाट शिर्जित विपद व्यवस्थापन गर्न ५० लाखको कोष स्थापना गरिएको छ ।
४. सीमापारिबाट आउने व्यक्तिहरुलाई अनिवार्य रुपले क्वारेनटाइनमा राख्ने व्यवस्था मिलाउने ।
५. कालो बजारी , कृत्रिम अभाव सृजना गर्ने व्यापारीहरुको अनुगमन गरी आवश्यक कारवाहीका लागि सिफारिस गर्ने ।
६. स्वास्थ्य कर्मीहरुको लागि PPE सामग्री खरिद गर्ने ।
७. खाद्यानका पसलहरु विहान ७ बजे देखि १० बजे सम्म खुला गर्ने ।
८. ८ वटै वडा अन्तर्गत समन्वय समितिहरुलाई अझै सकृय भई काम गर्न समितका सदस्यहरुलाई संचार खर्च उपलब्ध गराउने ।
९. कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि प्रत्येक स्वास्थ्य संस्था ,वडा कार्यालय र आधआरभूत स्वास्थ्य केन्द्रहरुलाई व्यवस्थापन खर्च उपलब्ध गराउने ।
१०. वडा नं. ५,६ र ७ को सीमा महाकाली नदी तरि मानिसहरु आउने सम्भावना भएकाले थप सुरक्षा व्यवस्थापन गरिदिन जिल्ला प्रशासन लाई अनुरोध गर्ने ।
११. नियमित रुपमा औषधि सेवन गरिरहेका दिर्घ रोगीहरुलाई औषधी उपचारको उपलब्धताका लागि आवश्यक सहजीकरण गर्ने व्यवस्था मिलाउने ।